श्री अध्यक्षज्यू,
पदाधिकारी तथा सदस्यज्यूहरु,
ट्रेकिङ्ग एजेन्सीस् एशोसिएशन अफ् नेपाल (TAAN),
केन्द्रिय कार्य समिति,
केन्द्रिय कार्यलय, मालिगाउँ ।

**विषयः अध्ययनको निष्कर्ष सुझाव तथा सिफारिस पेश गरिएको बारे ।**

मिति २०७२ कार्तिक १५ गते आइतबारका दिन यस ट्रेकिङ्ग एजेन्सीस् एशोसिएशन अफ् नेपाल (TAAN) कार्य समितिको दोस्रो पूर्ण बैठकले आफ्नो प्रस्ताव नं ८ मा छलफल हुदाँ भुकम्पका कारण बन्द पदयात्रा क्षेत्रको पुनर्निर्माणमा टानले नेतृत्वदायि भूमिका निभाउने सम्बन्ध बारे बैठकमा निर्णय गरे अनुसार यस सन्दर्भमा आवश्यक विवरण संकलन गर्न र बन्द भएका पदमार्गहरु यथासिध्र खुलाउन गर्नुपर्ने कार्य बारे अध्ययन गर्न हामीहरु श्री मुक्ति पाण्डेज्यूको संयोज्कतामा श्री संगम शेर्पा, श्री सरीता लामा, श्री वाङचु शेर्पा र टानका कर्मचारी श्री गंगा राम पन्त (प्रमूख कार्यकारी अधिकृत) रहने गरि एक समिति गठन गरी बैठकमा विवरण पेश गर्ने निर्णय भएको र सोहि कार्यसमितिको बैठकको निर्णयले कार्यादेश पाए बमोजिम अध्ययन समितिको बैठक संयोजक श्री मुक्ति पाण्डेज्यूको संयोजकतामा ट्रेकिङ्ग एजेन्सीस् एशोसिएशन अफ् नेपालमा (TAAN) निर्णय गरिएको जानकारी गराउँदछौं । उक्त अध्ययन समितिले भुकम्प पछि विभिन्न पदमार्गहरुमा भएको क्षति र ति पदमार्गहरुलाई पुनः सन्चालन गर्नका लागि गर्नुपर्ने कामहरुका बारेमा सम्बन्धित पदमार्गका सरोकारवालाहरुबाट विवरण संकलन गर्ने काम गरियो । तिनै विवरणहरुलाई आधार मान्दा भुकम्पका कारणले विगतमा केहि पदमार्गहरु अबरोध भएता पनि त्यस पश्चात् आजका मिति २०७२ मंसिर ०७ गते सम्म कुनै पनि पदमार्गहरुमा पदयात्रा संचालनका लागि खासै समस्या नभएको पाइयो । तथापि लाइटाङ, मनास्लु, रोलवालिङ, हेलम्बु लगायतका पदमार्गहरुमा पदयात्राका लागि केहि जोखिम देखिएको र बासस्थान तथा खानपानका लागि लजहरुको समस्या देखिएको यिनै कारणले यि पदमार्गहरुमा क्याम्पिङ ट्रेकिङ संचालन गर्नुपर्ने बाध्यता साथै दैनिक पदयात्रा कार्यक्रम तालिका परिवर्तन गर्नुपर्ने समस्याले व्यवसायीहरुलाई अफ्टेरो परेको पाइयो । अध्ययनकै क्रममा माथि उल्लेखित पदमार्ग बाहेकका अन्य पदमार्गहरुमा भने भुकम्पले सामान्य क्षति भएको भएता पनि स्थानीयको पहलमा मर्मत पश्चात् पदमार्गहरु संचालनमा आएको र ति पदमार्गहरु पूर्ण रुपमा सुरक्षीत रहेको जानकारी गराउँदछौं ।

भुकम्पका कारण क्षेति भएको मनास्लु क्षेत्रको पदमार्गको विभिन्न खण्डहरु टानको नेतृत्वमा र WFP को सहकार्यमा निर्माण सम्पन्न गर्ने काम अन्तिम चरणमा पुगेको जानकारी गराउँदछौं । उक्त कार्यको स्थलगत निरीक्षण गर्दा त्यस क्षेत्रको टानले गरेको नेतृत्वदायी भूमिकाको सबैबाट उच्च प्रशंसा गरेको पाइयो ।

भुकम्पका कारण पदयात्राका लागि केहि जोखिम रहेका उल्लेखित पदमार्गहरुको सिध्र मर्मत आवश्यक रहेकोले सो काम यथासिध्र सम्पन्न गर्न टानले नै नेतृत्व लिनु पर्ने र त्यसका लागि नेपाल सरकारबाट भुकम्प पश्चात् गठित राष्ट्रिय पर्यटन प्रबधन समिति (NTPC) सँग सहकार्य गर्ने गरी छुटै पदमार्ग मर्मत यूनिट गठन गर्न सुझाब पेश गर्दछौं ।

अन्तमा यस समितिलाई आफ्नो काम सम्पन्न गर्न सहयोग गर्नु हुने सम्बन्धित सम्पूर्ण सदस्यहरु, स्थानीय व्यक्तिहरु, विभिन्न गैर सरकारी संथाहरु, टानका कर्मचारीहरु सबैलाई धन्यवाद व्यक्त गर्दछौं । यस सुझाब संगसंगै यस समितिको निर्णय पुस्तिका पनि श्रीमान् अध्यक्ष समक्ष पेश गर्दछौं ।

अध्ययन समितिको तर्फबाट

श्री मुक्ति पाण्डे संयोजक

श्री संगम शेर्पा सदस्य

श्री सरीता लामा सदस्य

श्री वाङचु शेर्पा सदस्य

श्री गंगा राम पन्त प्रमुख कार्यकारी अधिकृत